# लोक सेवा आयोग
## काठमाडौं कार्यालय
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८४, ४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १२/०८२-८३, मिति २०८२।०४।१६**

लोक सेवा आयोग, काठमाडौ कार्यालयले संचालन गर्ने **नेपाली सेनाको** मिति २०८१।१२।२९ गते प्रकाशित **विज्ञापन नं. ०८१/८२/९१** (खुला तथा समावेशी), **सैन्य** पदमा **श्री भैरव गण, गजुरी ब्यारेक, धादिङ्गबाट** लिखित परीक्षाका लागि छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम निम्न मिति र समयमा निम्नानुसारको परीक्षा भवनमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा २ (दुई) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ मा तल उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| विज्ञापन नं. | पद | विषय | परीक्षा प्रणाली | लिखित परीक्षाको मिति र समय | परीक्षा अवधि |
|---|---|---|---|---|---|
| ०८१/८२/९१ (खुला तथा समावेशी) | सैन्य | अंग्रेजी, गणित, नेपाली, सामान्य ज्ञान | वस्तुगत र विषयगत | २०८२।०४।३१ गते, विहान ११:०० बजे | २ घण्टा ३० मिनेट |

### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरूको दर्ता नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | MDK-09 देखि MDK-318 सम्म | ११६ जना | श्री आदर्श माध्यमिक विद्यालय, गजुरी-१, धादिङ्ग |

द्रष्टव्य १:-

१. **परीक्षामा उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन।**

२. वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ। वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको २०% कट्टा हुनेछ।

३. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुनेछैन।

४. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ साथै परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा **कम्तीमा २ (दुई) घण्टा अगावै परीक्षा भवनमा** आइपुग्नुपर्नेछ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेशपत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ।

७. सक्रमणजन्य रोगका कारण उम्मेदवारले आफ्नो प्रयोजनका लागि मास्क, स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफै गर्नु पर्नेछ।

८. थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाइल नं.९८४३३७५२२३ र नेपाली सेना तर्फको फोन नं. ९८४१०१८०१७ मा सम्पर्क गर्न सकिने छ।

| | | |
|---|---|---|
| (हरि प्रसाद पौडेल) | (पुष्पराज खनाल) | (विष्णु पौडेल) |
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |